**निर्णय नं. १**

यस रत्ननगर नगरपालिकाको वडा नं. १५ मा स्थापना गरिने आधारभूत नगर स्वास्थ्य केन्द्र, र.न.पा. १५ को नाममा भवन निर्माणका लागि यस रत्ननगर नगरपालिका वडा नं. १५ निवासी श्री पूर्ण कुमारी गुरुङ्को नाममा दर्ता रहेको साविक पिठुवा ७क, कि. नं. १२११ को ज. वि. ०-१५-३-० ज. वि. भएको जग्गाको पूर्वतर्फबाट ९० मिटर उत्तरसम्म ३ मिटर, गंगा बहादुर गुरुङ्को कि. नं. १२१० को ०-१४-० जग्गाको पश्चिमतर्फबाट ८४ मिटर उत्तरसम्म ३ मिटर, ऐ कि.नं. को पूर्व पश्चिम हुने गरी ६ मिटर, चन्द्र बहादुर गुरुङ्को कि. नं. १२१२ ज. वि. ०-१३-१४ जग्गाको बीचबाट पूर्व पश्चिम हुने गरी ६ मिटर, गुन कुमारी गुरुङ्को कि.नं. १२७५ ज. वि. १-४-० जग्गाको बीचबाट ३० मिटर पूर्व पश्चिम ६ मिटर, ऐ कि.नं. बाट दक्षिण पूर्व ३ मिटर र चन्द्र बहादुर गुरुङ्को कि.नं. १२१३ ज. वि. ०-१८-६ जग्गाको उत्तरतर्फ ८१ मिटरसम्म ३ मिटर बाटो लगत कट्टागरी कि. नं. १२११ बाट ०-१५-३ जग्गा मध्ये ०-२-० जग्गा रत्ननगर नगरपालिकाको नाममा रजिष्ट्रेसन पास गर्ने र उल्लेखित कार्य गर्नको लागि नगरपालिकाको तर्फबाट अमिन श्री कृष्ण बहादुर मगरलाई प्रतिनिधी तोकी पठाउने निर्णय गरियो ।

**निर्णय नं. २:**

रत्ननगर नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धि कार्यविधी, २०७५ वमोजिम यस कार्यालयमा ईजाजत पत्रका लागि निवेदन दिएका निर्माण व्यवसायीहरु मध्ये तपसिलमा उल्लेखित निर्माण व्यवसायीहरुलाई ईजाजत पत्र दिन सिफारिस सहित पेश भएकोले ईजाजत पत्र दिने निर्णय गरियो ।

**तपसिल:**

१. शारदा इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रा. लि., रत्ननगर १०, चितवन
२. श्रुवित ईन्फ्रास्क्टचर प्रा. लि. रत्ननगर १२, चितवन
३ सेक्टर कन्सल्टेण्ट एण्ड डेभलपर्स प्रा. लि., रत्ननगर १०, चितवन

**निर्णय नं. ३:**

घर नक्सा नियमन तथा नक्सापास सम्बन्धमा यस नगर क्षेत्रभित्र घर नक्सा पास नगरी निर्माण भएका विभिन्न घर/टहराहरुको नक्सापास गर्न तत्कालका लागि निम्न अनुसारको अन्तरिम व्यवस्था गरी घरनक्सा पास प्रकृयामा लैजान भवन संहिता २०६० वमोजिम बनेको अवस्था देखिएमा निम्नानुसार व्यवस्था गर्न साथै सो अनुसार नभएका घर/टहराहरुको हकमा नेपाल सरकार स्थानीय तह संचालन ऐन, २०७४ मुताविक नै हुने गरी त्यस्ता संरचना भत्काउने सम्मको प्रकृया बढाउन निम्न वमोजिम व्यवस्था गर्ने निर्णय गरियो ।

**तपसिल:**

१. यस नगर क्षेत्रभित्र लकडाउन अवधि पूर्व नै नगरपालिकाबाट नक्सा पास गराई निर्माण गर्नुपर्ने घर/टहराहरु आफु खुशी भवन संहिता विपरित नयाँ निर्माण गरेका तथा पुरा घर तल्ला थप गरेको देखिएका घर टहराहरुलाई भत्काउने र सो घर टहरा भत्काउँदा लाग्ने खर्च समेत निज व्यक्तिबाट नै असुल उपर गर्नेसम्मको व्यवस्थालाई कडाईका साथ लागु गर्ने र सो अनुसार गर्न गराउन सम्बन्धित वडा तथा व्यक्तिहरुलाई पत्राचार गर्ने साथै सो अनुसार गर्न/गराउन निर्देशन दिने ।

२. यस नगर क्षेत्रभित्र कुनै पनि व्यक्तिले सार्वजनिक, ऐलानी, कुलो, पैनी, गुठी, पर्ति आदि जग्गामा अतिक्रमण गरी निर्माण गरेका सम्पूर्ण भौतिक संरचनाहरुलाई हटाउन लगाउने साथै सो कार्य गर्न अटेरी गर्ने तथा नियम विपरित जाने व्यक्तिको सम्पूर्ण संचनालाई जफत गरी सार्वजनिक/सरकारी सम्पत्ति बनाउने गरी प्रकृयालाई कडाईका साथ कार्यान्वयन गर्ने/गराउने र सो को लागि नगरपालिकाबाट विशेष कार्यदल बनाई अभियान संचालन गर्ने ।

३. यस नगरपालिका क्षेत्रभित्र विगतमा नक्सा पास नगराई भवन निर्माण गरेका र सो घरहरु भवन निर्माण संहिता २०६० को सम्पूर्ण प्राविधिक व्यवस्था मुताविक छन् वा रहेछन् भन्ने प्राविधिक विज्ञबाट नक्सा डिजाईन तथा विस्तृत ड्रोईङ्ग तयार भै पेश हुन आएमा विगतमा रु. १०००।- (एक हजार) थप जरिवाना दस्तुर लिई पास गर्दै आएकोमा अन्तिम पटकका लागि शुरु दस्तुरमा थप जरिवाना रु. २,०००।- (दुई हजार) लिई नक्सा पास प्रकृयामा समावेश गर्ने/गराउने गरी प्रकृया बढाउने ।

४. यस नगरपालिका क्षेत्रभित्र राष्ट्रव्यापी लकडाउनको अवधि २०७६ चैत्र ११ देखि २०७७ श्रावण ७ गतेसम्ममा नगरपालिका कार्यालयको प्रशासनिक नक्सापास कार्य वन्द हुँदा सो अवधिमा घर निर्माण गर्न अत्यावश्यक भई कार्यालयलाई सम्पर्क गरी जानकारी लिई स्वीकृत भवन निर्माण मापदण्ड पुरा गरी राष्ट्रिय भवन संहिता २०६० अनुसार नै बनेका भौतिक संरचनाहरुलाई अन्तिम पटकका लागि नक्सापास प्रकृयामा समावेस गरी नयाँ घर नक्सापास प्रकृया अनुसार नै नियमित गर्ने/गराउने ।

५. यस नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने कृषककहरुबाट निर्माण गर्ने पशुपालन गर्ने गोठ तथा भकारो, कुखुरा पालन गर्ने कुखुरा खोर तथा गोदाम घरहरु, केरा तथा मौरीपालक कृषकले बनाउने गोदाम तथा गोठघरहरु लगायत अन्य कृषि उपज भण्डारण तथा व्यवस्थापनमा लिईदै आएको घर दस्तुरमा विगतमा कुखुरापालक कृषकहरुलाई दिइदै आएको छुट सरह नै हुने गरी नक्सापास तथा नक्सा अभिलेखिकरण प्रकृयामा समावेश गर्ने/गराउने गरी प्रकृयामा लैजाने ।

६. विगतमा नगरपालिका विस्तार भई थप भएका गाविसहरुमा निर्माण भएका पुराना घरहरुलाई अभिलेखिकरण गर्न गत वितमा छुट समेतको व्यवस्था गरी गर्न वितमा छुट समेतको व्यवस्था गरी नक्सा अभिलेखिकरण गर्दै आएकोमा सो कार्य गरी नक्सा अभिलेखिकरण गर्दै आएकोमा सो कार्यलाई यसै आ. व. २०७७।०७८ बाट पूर्णरुपमा बन्द गरी सम्पूर्ण नगरवासीलाई भुकम्पीय रुपमा जोखिममुक्त नयाँ घर बनाउन प्रोत्साहन गर्ने/गराउने ।

**निर्णय नं. ४**

नेपाल सरकारबाट घोषणा भएको लकडाउन अवधिभरमा खरिद सम्झौता भएका तथा उक्त अवधिभित्र सम्झौताको म्याद समाप्त भएका सम्झौता वमोजिम कार्य सम्पन्न हुन नसकेका योजनाहरुको सम्बन्धित उपभोक्ता समिति निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदाताको निवेदनको आधारमा नगरपालिकालाई थप लागत नपर्ने एवं म्याद थप गरे वापत अन्य कुनै दावी गर्न नपाउने गरी साविकको खरिद सम्झौतामा प्रमुख प्रशासकीय अधिकृतले बढीमा ६(छ) महिना म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

रत्ननगर नगरपालिकाको निर्माणाधिन सौराहाचोक बसपार्कमा नगरपालिकाको स्वामित्वमा रहेको भवनमा चमेना गृह संचालन गर्दै आउनु भएका चमेना गृहका संचालकले मिति २०७७।०३।०२५ मा नेपाल सरकारबाट जारी लकडाउनका कारण मिति २०७६ चैत्र देखि २०७७ असारसम्म चमेना गृह वन्द रहेको हुँदा उक्त समयावधिको भाडा छुट गरिदिनुहुन भनी निवेदन दिनु भएकोले निजलाई ३ महिनाको भाडा छुट दिने निर्णय गरियो ।

**निर्णय नं. ६:**

रत्ननगर नगरपालिका वडा नं. ७ को मिति २०७७।०४।२२ च. नं. ९३७ को पत्रानुसार वडा नं. ७ बस्ने फिरला महतोले विगत वर्षदेखि नै व्याड पाडो पालिरहेकोमा हाल उक्त पाडो मरेको हुँदा अर्को पाडा खरिद गर्न अनुदान सहयोग उपलव्ध गराई दिनुहुन भनी अनुरोध भई आएकोले रु. ४०,०००।- (चालिस हजार मात्र) तथा खरिद रकमको ५०% मा नबढ्ने गरी अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७:**

विपन्न वर्गका क्यान्सरका विरामीलाई उपचार खर्च वापत रु. १५,०००।- (पन्ध्र हजार मात्र) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८:**

क्वारेन्टाईनमा बस्नेलाई नेपाल सरकारद्धारा निर्धारित मापदण्ड वमोजिम रु. १७५।- (एक सय पचहत्तर) प्रतिदिनका दरले खाना खर्च वापत दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

कोरोना संक्रमित क्षेत्रका मानिसलाई यस नगर क्षेत्रमा आवत जावतमा निरुत्साहित गर्न वडा कार्यालयले आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०:**

वडा कार्यालयमा संकलन भएको राजश्व रकम प्रत्येक ७ दिनमा बैंक दाखिला गर्न निर्देशन दिने निर्णय गरियो ।